कर्मचारी सञ्चय कोषको स्वामित्वमा रहेको काठमाण्डौं महानगरपालिका वडा नं. १२ टेकुस्थित जग्गा भाडामा दिने सम्बन्धी

# सिलबन्दी बोलपत्र आह्वान

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०८२/०९/१४)

१. काठमाण्डौं महानगरपालिका वडा नं. १२ टेकुस्थित कि.नं. १, ३, १४२ र १९५ को १९-७-२-३ रोपनी (लालपुर्जा अनुसारको) हाल कम्पाउण्ड भित्र जे जति रहेको छ उक्त जग्गामात्र १५ (पन्ध्र) वर्षको लागि भाडामा लिन इच्छुक व्यक्ति वा फर्म/कम्पनीबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

| सि.नं. | बिवरण | क्षेत्रफल (रोपनी) | कोषले तोकेको न्यूनतम मासिक भाडा रकम (रु.) | बोलपत्रजमानत रकम (रु.) |
|---|---|---|---|---|
| १ | जग्गा | १९-७-२-३ | २०,७६,६७०।०० | २०,७६,६७०।०० |

२. इच्छुक व्यक्ति वा फर्म/कम्पनीले पुल्चोकस्थित नेपाल इन्भेष्टमेण्ट मेघा बैंक लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ मा रू. १,०००/- (अक्षरेपि एक हजार रुपैयाँ मात्र) (फिर्ता नहुने) बुझाएको सक्कल प्रति भौचर/प्रमाण, लिखित निवेदन, व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपी, संस्थाको हकमा फर्म दर्ता PAN/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.ब. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कोषले भाडामा दिन आह्वान गरेको अवधि बराबर नेपाल सरकार वा संगठित संस्थाको जग्गाको भाडा व्यवस्थापन गरेको प्रमाणित अनुभव पत्र पेस गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् मिति २०८२/१०/१३ गते कार्यालय समयभित्र कर्मचारी सञ्चय कोष, सम्पत्ति व्यबस्थापन विभाग, पुल्चोकबाट बोलपत्र फारम खरिद गर्न सक्नेछन्।

३. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात् मिति २०८२/१०/१४ गते १२:१५ बजे भित्र कर्मचारी सञ्चय कोष सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोकमा बुझाई सक्नु पर्ने छ। तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात् मिति २०८२/१०/१४ गते दिनको १:३० बजे बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा खोलिने छ। तर कुनै बोलपत्रदाताको तर्फबाट प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

५. बोलपत्र जमानतबापतको रकम पुल्चोक स्थित नेपाल इन्भेष्टमेण्ट मेघा बैङ्क लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ मा सम्बन्धित बोलपत्रदाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै बाणिज्य बैङ्कले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा १२० (एक सय बीस दिन दिन) म्याद कायम रहेको सर्त रहितको कोषको नाममा जारी भएको बैङ्क ग्यारेण्टीको सक्कल प्रति बोलपत्र साथ संलग्न हुनु पर्ने छ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

७. एउटा व्यक्ति वा निजको एकासगोलको परिवार वा निजको एकासगोलको परिवारका सदस्य आबद्ध रहेको फर्म/कम्पनी/संस्थाले एउटा मात्र बोलपत्र पेस गर्न सक्ने छ।

८. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त जग्गाको स्थलगत अवलोकन गर्न चाहेमा कोषमा सम्पर्क गरी अवलोकन गर्न सक्ने छ।

९. बोलपत्रदाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्नेबारे सम्पूर्ण अधिकार कोषमा निहित रहने छ।

१०. बोलपत्रदाताले बोलपत्र जमानत लगायतका आवश्यक कागजात संलग्न गरी आधारभूत प्रस्ताव र बित्तीय प्रस्ताव छुट्टाछुट्टै रीतपूर्वक भरी छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी बोलपत्रको खाम बाहिर "कोषको स्वामित्वमा रहेको काठमाण्डौं महानगरपालिका वडा नं. १२ टेकुस्थित जग्गा भाडामा लिने सम्बन्धी आधारभूत वा वित्तीय बिषयको बोलपत्र प्रस्ताव" भनी प्रष्ट लेखी दुई वटा खाम कोषमा बुझाउनु पर्ने छ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न कागजातहरुमा उल्लेख रहेको छ। थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ।

कर्मचारी सञ्चय कोष
सम्पत्ति व्यवस्थापन विभाग
पुल्चोक, ललितपुर।
फोन नं.: ०१-५०१०००९
ईमेलः rental.asset@epf.org.np